# राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा
**(National Disaster Response Framework)**

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**वैशाख २०७०**

# शब्दसंक्षेप

**ACC** Association of Construction Contractor
**AOAN** Airlines Operation Association of Nepal
**APF** Armed Police Force
**CAAN** Civil Aviation Authority of Nepal
**CBOs** Community Based Organizations
**CBS** Central Bureau of Statistics
**CCCM** Camp Coordination Camp Management Cluster
**CMCC** Civil Military Coordination Center
**CNDRC** Central Natural Disaster Relief Committee
**DC** Department of Custom
**DA** Donor Agencies
**DDA** Department of Drug Administration
**DDRC** District Disaster Relief Committee
**DEOC** District Emergency Operation Center
**DHM** Department of Hydrology and Meteorology
**DHS** Department of Health Services
**DI** Department of Immigration
**DIG** Deputy Inspector General of Police
**DLS** Department of Livestock Services
**DMG** Department of Mines and Geology
**DP-Net** Disaster Preparedness Network
**DR** Department of Roads
**DT** Department of Transport
**DUDBC** Department of Urban Development and Building Construction
**DWD** Department of Women Development
**DWDO** District Women Development Office
**DWIDP** Department of Water Induced Disaster Prevention
**DWSS** Department of Water Supply and Sewerage
**EDCD** Epidemiology and Disease Control Division
**FJ** Federation of Journalists
**FNCCI** Federation of Nepalese Chambers of Commerce and Industry
**FTA** Federation of Transport Association
**GoN** Government of Nepal
**HRA** Himalayan Rescue Association
**I/NGOs** International/Non-Governmental Organizations
**IASC** Inter-Agency Standing Committee
**ICAO** International Civil Aviation Organization
**ICIMOD** International Center for Integrated Mountain Development
**IDP** Internal Displaced Persons
**IFRC** International Federation of Red Cross and Red Crescent Societies
**IHC** International Humanitarian Communities
**INSARAG** International Search and Rescue Advisory Group
**IOM** International Organization for Migration
**IRA** Initial Rapid Assessment
**LA** Local Authority
**LEMA** Local Emergency Management Agency
**MIRA** Multi Cluster Initial Rapid Assessment
**MNMCC** Multi National Military Coordination Center
**MoAD** Ministry of Agriculture Development
**MoCS** Ministry of Commerce and Supplies
**MoCTCA** Ministry of Culture, Tourism and Civil Aviation
**MoD** Ministry of Defense
**MoE** Ministry of Education
**MoF** Ministry of Finance
**MoFA** Ministry of Foreign Affairs
**MoFALD** Ministry of Federal Affairs and Local Development
**MoFSC** Ministry of Forest and Soil Conservation
**MoHA** Ministry of Home Affairs
**MoHP** Ministry of Health and Population
**MoIC** Ministry of Information and Communication
**MoLJCAPA** Ministry of Law, Justice, Constituent Assembly and Parliamentary Affairs
**MoPPWTM** Ministry of Physical Planning, Works and Transport Management
**MoSTE** Ministry of Science, Technology and Environment
**MoUD** Ministry of Urban Development
**MoWCSW** Ministry of Women, Children and Social Welfare
**NA** Nepalese Army
**NDRF** National Disaster Response Framework
**NEA** Nepal Electricity Authority
**NEOC** National Emergency Operation Center
**NFC** Nepal Food Corporation
**NFIs** Non-Food Items
**NHRC** National Human Rights Commission
**NMC** Nepal Medical Council
**NMIDC** Nepal Mountaineering Instruction Development Committee
**NNC** Nepal Nersing Council
**NOC** Nepal Oil Corporation
**NP** Nepal Police
**NRCS** Nepal Red Cross Society
**NS** Nepal Scout
**NSC** National Seismological Center
**NST** Nepal Science and Technology
**MEOC** Municipality Emergency Operation Centre
**OCHA** Office for the Coordination of Humanitarian Affairs
**OPMCM** Office of Prime Minister and Council of Ministers
**OSOCC** On-Site-Operation Coordination Center
**REOC** Reginal Emergency Operation Centre
**RDRC** Regional Disaster Relief Committee
**RSS** *Rastriya Samachar Samiti*
**SAARC** South Asia Association for Regional Cooperation
**SAM** Severe Acute Malnutrition
**SAR** Search and Rescue
**SC** Save the Children
**SDMC** SAARC Disaster Management Center
**SMS** Short Message Service
**SWC** Social Welfare Council
**SWMC** Solid Waste Management Center
**TV** Television
**UN HC** United Nations Humanitarian Coordinator
**UNDAC** United Nations Disaster Assessment and Coordination Team
**UNDP** United Nations Development Programme
**UNDSS** United Nations Department of Safety and Security
**UNFPA** United Nations Population Fund
**UNHCR** United Nations High Commissioner for Refugees
**UNICEF** United Nations Children's Fund
**UNISDR** United Nations International Strategy for Disaster Reduction
**USAR** Urban Search and Rescue
**VDC** Village Development Committee
**WASH** Water, Sanitation and Hygiene
**WFP** World Food Programme
**WHO** World Health Organization

# विषयसूची


१. भूमिका ..... ३

२. उद्देश्य र कार्यक्षेत्र ..... ३

३. विपद् प्रतिकार्य राष्ट्रिय प्रणाली ..... ३

४. विपद् प्रतिकार्यका लागि अन्तर्राष्ट्रिय सहयोग ..... ४

५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहायतता तथा समन्वय ढाँचा ..... ४

६. राष्ट्रिय विपद् प्रतिकार्यका लागि कार्य सञ्चालन विशेष व्यवस्था..७

७ . विपद् प्रतिकार्यको राष्ट्रिय स्वरुप ..... ८

८. आपत्कालीन प्रतिकार्यका लागि पूर्वतयारीसम्बन्धी भावी कार्ययोजना ..... ११

# राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा
## (National Disaster Response Framework)

## १. भूमिका

मुलुकमा दैवी प्रकोप उद्धार ऐन, २०३९ अनुसार विपद् प्रतिकार्यका क्रियाकलापहरु भइरहेको तथा विपद् व्यवस्था राष्ट्रिय रणनीति, २०६६ अनुसार विपद् जोखिम व्यवस्थापनका सबै चक्रहरुको सु-संचालन तथा समन्वय गर्न राष्ट्रिय स्तरको विपद् प्रतिकार्य योजना बनाई विपद् जोखिम व्यवस्थापनमा संलग्न हुने सबै सरकारी तथा गैरसरकारी निकायहरुको भूमिका सुनिश्चित गर्नका लागि यो राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा (National Disaster Response Framework) निर्माण गरिएको छ ।

## २. उद्देश्य र कार्यक्षेत्र

१. नेपालमा ठूलो विपद् परेको अवस्थामा प्रभावकारी र समन्वयात्मक रूपले राष्ट्रिय तहको प्रतिकार्यका लागि दिशानिर्देश गर्नु राष्ट्रिय विपद् प्रतिकार्य कार्यढांचाको मूल उद्देश्य रहेको छ ।

२. विपद् हुनुभन्दा अगाडि, भइरहेको समयमा र विपद्पश्चात् तुरुन्त गरिने कार्य तथा जनधनको सुरक्षा, कानुनको पालना; विरामी, घाइते र जोखिममा परेका व्यक्तिको हेरचाह, जीवन रक्षाका लागि आवश्यक पर्ने सामग्री प्रदान गर्ने र सार्वजनिक सम्पत्तिको संरक्षणका लागि गरिने कार्यहरुलाई राष्ट्रिय विपद् प्रतिकार्य (National Disaster Response) को कार्यक्षेत्रकोरुपमा लिइएको छ ।

३. राष्ट्रिय, क्षेत्रीय, जिल्ला र स्थानीय तहको विपद् प्रतिकार्यका लागि पूर्वतयारी र आपत्कालीन प्रतिकार्यमा क्रियाशील रहनेगरी यस कार्यढांचाको कार्यसीमा निर्धारण गरिएको छ ।

४. यो कार्यढाँचा केन्द्रीय दैवी प्रकोप उद्धार समितिको सिफारिसमा नेपाल सरकार (मन्त्रिपरिषद) वाट स्वीकृत भएपछि तुरुन्त लागू हुनेछ ।

## ३. विपद् प्रतिकार्य सम्वन्धी राष्ट्रिय प्रणाली

१. विपद् प्रतिकार्यको लागि दैवी प्रकोप उद्धार ऐन, २०३९ र स्थानीय स्वायत्त शासन ऐन, २०५५ नेपालका आधारभूत कानुनी व्यवस्थाहरू हुन् ।

२. दैवी प्रकोप उद्धार ऐन, २०३९ ले गृह मन्त्रालयलाई खोज तथा उद्धार कार्यका साथै विपद् प्रतिकार्य पूर्वतयारीसम्बन्धी क्रियाकलापका लागि नेतृत्व प्रदान गर्ने निकायको रूपमा तोकेको छ । नेपाल सरकार कार्य विभाजन नियमावली, २०६४ द्वारा विपद् व्यवस्थापनसम्बन्धी समग्र जिम्मेवारी गृह मन्त्रालयले गर्ने गरी तोकिएबमोजम यस मन्त्रालयवाट विपद् पूर्वतयारी तथा विपद्पश्चात्को पुनःस्थापनाका क्रियाकलापहरूको समन्वय गर्ने गरिएको छ ।

३. नेपाललाई विपद् उत्थानशील राष्ट्रका रूपमा विकास गर्नका लागि सरकारले विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

४. सरकारको विद्यमान क्षमताले प्रतिकार्य गर्न नसक्ने विपद्को अवस्थामा केन्द्रीय दैवी प्रकोप उद्धार समितिको सिफारिसमा मन्त्रिपरिषद्ले विपद् प्रभावित क्षेत्रमा सङ्कटकाल घोषणा गरी अन्तर्राष्ट्रिय सहयोगका लागि आह्वान गर्न सक्ने व्यवस्था रहेको छ ।

५. विपद् प्रतिकार्यका सन्दर्भमा प्रकोप पीडित उद्धार र राहत सम्वन्धी मापदण्ड, २०६४ बमोजिम राहत कार्यका लागि केन्द्र, क्षेत्र, जिल्ला र स्थानीय तहमा केन्द्रीय दैवी प्रकोप उद्धार कोष परिचालन हुने गरेको छ । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सञ्चालन नियमावली, २०६३ बमोजिम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष परिचालन हुने गरेको छ । यसका साथै विपद् प्रतिकार्यका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट पनि मानवीय सहयोग परिचालन हुन सक्ने गरेको व्यवस्था रहेको छ । विपद् प्रतिकार्यका लागि उल्लिखित दुबै कोषको परिचालन आवश्यकताबमोजिम हुने गरेको परिप्रेक्षमा प्रतिकार्यका लागि केन्द्र, क्षेत्र, जिल्ला र स्थानीय तहमा विपद् प्रतिकार्य कोषको स्थापना गर्नु पर्ने देखिएको छ ।

६. विपद् प्रतिकार्यका लागि दैवी प्रकोप उद्धार ऐन, २०३९ अन्तर्गत केन्द्रीय दैवी प्रकोप उद्धार समिति, क्षेत्रीय दैवी प्रकोप उद्धार समिति, जिल्ला दैवी प्रकोप उद्धार समिति र आवश्यकता अनुसार स्थानीय दैवी प्रकोप उद्धार समिति समेत रहने व्यवस्था गरिएको छ । यसका साथै केन्द्रीय तहमा आपूर्ति, आवास तथा पुनःस्थापना उपसमिति र राहत तथा उपचार उपसमितिहरुसमेत रहेका छन् । विपद् व्यवस्थापनसम्बन्धी सूचना सङ्कलन, विश्लेषण, प्रवाह र समन्वयको लागि केन्द्रीय, क्षेत्रीय र जिल्ला तहमा तथा नगरपालिकाहरुमा आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू क्रियाशील रहेका छन् ।

७. स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले व्यवस्था गरे अनुरुप स्थानीय निकायहरु (जि.वि.स, न.पा. र गा.वि.स.हरु) ले विपद् पूर्वतयारी तथा प्रतिकार्यको जिम्मेवारी निर्वाह गर्दै आएका छन् ।

## ४. विपद् प्रतिकार्यका लागि अन्तर्राष्ट्रिय सहयोग

१. वृहदस्तरको र धनजनको व्यापक नोक्सानी हुने महाविपद् परी राष्ट्रियस्तरमा विपद् प्रतिकार्य गर्दा थप सहयोगको आवश्यकता महशुश गरी नेपाल सरकार, मन्त्रीपरिषद्ले संयुक्त राष्ट्रसङ्घीय मानवीय संयोजन कार्यालय, मित्रराष्ट्, रेडक्रस अभियान, क्षेत्रीय संस्थाहरू, दाता समुदाय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, अन्तराष्ट्रिय स्तरका पेसागत समूहहरू, गैरआवाशीय नेपालीहरू समक्ष विपद् प्रतिकार्यका लागि सहायताको रूपमा नगद वा जिन्सी वा सेवाहरूको लागि आह्वान गर्न सक्नेछ। तर सामान्यस्तरका विपद्मा यस्तो सहयोगको आह्वान अर्थ मन्त्रालयको परामर्शमा गरिनेछ।

२. नेपाल सरकारको आह्वानबमोजिम संयुक्त राष्ट्रसङ्घ र रेडक्रस अभियानले विपद् प्रतिकार्यमा सहयोग गर्न आवश्यकताअनुसार अन्तर्राष्ट्रिय सहायताको लागि आह्वान र स्वीकार गर्न सकिनेछ।

३. विपद्को समयमा मानवीय सहायता प्रदान गर्ने अन्तर्राष्ट्रिय समुदायको सूचीकरण, सहयोगको क्षेत्र निर्धारणलगायतका विषयको व्यवस्थापनका लागि अर्थ मन्त्रालयको परामर्शमा तयार हुने अन्तर्राष्ट्रिय सहायतासम्बन्धी निर्देशिकाबमोजिम गृह मन्त्रालयले विपद् प्रतिकार्यमा परिचालन हुने अन्तर्राष्ट्रिय सहयोगको सहजीकरण तथा समन्वय गर्नेछ।


४. मानवीय सहायता प्रदान गर्ने अन्तर्राष्ट्रिय समुदायमार्फत् आएको राहत तथा जीवनरक्षाका सामग्रीहरू, खोज तथा उद्धार उपकरणहरू र औषधोपचारका समामग्रीहरूमा भन्सारलगायत अन्य शुल्क तथा दै-दस्तुरहरूमा संयुक्त राष्ट्रसङ्घसँग भएको नमूना सम्झौता, २०६३ (Model Agreement for Emergency Customs Procedure, 2007) बमोजिम नेपाल सरकारले आवश्यक प्रवन्धहरु मिलाउने छ।

५. विपद् प्रतिकार्यको सन्दर्भमा खोज तथा उद्धार र मानवीय सहायताका लागि नेपाल आउने अन्तर्राष्ट्रिय समुदायका व्यक्तिहरूलाई नेपाल प्रवेश गर्ने विन्दुमा नेपाल सरकारले तत्कालै भिसा उपलब्ध गराउन सहजीकरण गर्नेछ। यसका साथै उल्लिखित सहयोगका लागि भारत हुँदै नेपाल आउने अन्तर्राष्ट्रिय समुदायका व्यक्तिलाई ट्रान्जिट भिसा र राहत तथा उद्धार सामग्रीहरूको निमित्त बन्दरगाह सुविधाको व्यवस्थाका लागि नेपाल सरकारले आवश्यक पहल तथा सहजीकरण गर्नेछ।

६. विपद्को समयमा संयुक्त राष्ट्रसङ्घीय मानवीय संयोजकले नेपालमा कार्यरत विषयगत क्षेत्रलाई सक्रिय (Cluster Activation) गराउनेछ। नेपाल सरकारले समन्वयात्मक रूपमा सम्बन्धित विषयगत क्षेत्रका प्रमुख वा प्रतिनिधिलाई पूर्णकालीन सम्पर्क व्यक्ति तोक्न सक्नेछ। साथै विपद्को समयमा केन्द्रीय दैवी प्रकोप उद्धार समितिले पनि आवश्यकता अनुसार विषयगत् क्षेत्रहरुलाई सकिय गराउन सक्नेछ।

## ५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहायता तथा समन्वय ढाँचा

१. नेपालमा विपद्को अवस्थामा आन्तरिक स्रोतसाधन, क्षमताबाट गरिने प्रतिकार्य र अन्तर्राष्ट्रिय सहयोग आह्वान गरिदां हुने प्रतिकार्यको स्वरुप निम्नअनुसार रहेको छ :



२. नेपालमा कार्यरत विषयगत क्षेत्रको नेतृत्व र सहयोगी निकायबीच रहने समन्वयात्मक स्वरुप निम्नबमोजिम हुनेछ

| विषयगत क्षेत्र (Name of cluster) | स्वास्थ्य (Health) | खानेपानी। सरसफाइ तथा स्वास्थ्य प्रबर्द्धन (WASH) | आपत्कालीन आवास (Shleter) | खाद्य सुरक्षा (Food Security) | बन्दोवस्ती (logistics) | शिविर समन्वय तथा व्यवस्थापन (CCCM) |
|---|---|---|---|---|---|---|
| सरकारी नेत्वृत्वदायी निकाय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सहरी विकास मन्त्रालय | सहरी विकास मन्त्रालय | कृषि विकास मन्त्रालय | गृह मन्त्रालय | सहरी विकास मन्त्रालय |
| Co-Lead agency (Non-Gov) | WHO | UNICEF | IFRC/UN HABITAT | WFP /FAO | WFP | IOM |

| विषयगत क्षेत्र (Name of cluster) | शिक्षा (Education) | संरक्षण (Protection) | आपत्कालीन दूरसञ्चार (Telecommunication) | पोषण (Nutrition) | शीघ्र पुनर्लाभ सञ्जाल (Early recovery network) |
|---|---|---|---|---|---|
| सरकारी नेत्वृत्वदायी निकाय | शिक्षा मन्त्रालय | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र राष्ट्रिय मानवअधिकार आयोग | सूचना तथा सञ्चार मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | संघीय मामला तथा स्थानीय विकास मन्त्रालय |
| Co-Lead agency (Non-Gov) | UNICEF / SC | UNHCR,UNICEF, UNFPA | WFP | UNICEF | UNDP |

३. नेपाल सरकारको आह्वानबमोजिम आउने तथा आएका संयुक्त राष्ट्रसङ्घीय अन्तर्राष्ट्रिय खोज तथा उद्धार समूह (UN-INSARAG) तथा संयुक्त राष्ट्रसङ्घीय विपद् विश्लेषण तथा समन्वय (UNDAC) सदस्यहरूको संयोजन नेपाल सरकारको निर्देशन अनुरुप नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवीय संयोजकले गर्नेछ ।

४. उल्लिखित सदस्यहरूको समन्वय तथा विमानस्थलमा सम्पर्क केन्द्रको स्थापना (Reception & Departure Centre) को सुनिश्चितता र खोज तथा उद्धार समूहको लागि आधार शिविर (Base Camp) को व्यवस्थाको सहजीकरण नेपाल सरकारले गर्ने छ ।

५. नेपाल सरकारको अनुरोधमा आएका खोज तथा उद्धार समूह र मानवीय सहायता समूहका व्यक्तिहरु यहांको आफ्नो कार्य पूरा गरेर फर्कने निश्चित समयावधिको पूर्व जानकारी राष्ट्रिय आपत्कालीन संचालन केन्द्रलाई दिनु पर्ने छ ।


६. खोज तथा उद्धार सामाग्री तथा समूहका व्यक्तिहरु र मानवीय सहायता सामाग्री तथा समूहका व्यक्तिहरुमध्ये स्थल वा हवाई मार्गवाट नेपाल आउने तथा नेपालवाट जाने प्रयोजनका लागि राष्ट्रिय आपत्कालीन संचालन केन्द्रले प्राथमिकीकरण कार्य योजना वनाउने छ ।

७. ठूलो विपद्को समयमा खोज तथा उद्धार समूहहरूलाई नेपाल प्रवेश गराउने प्रक्रिया सहज बनाउन स्थापित प्रक्रियाहरुको अवलम्वन गरी छिमेकी तथा मित्रराष्ट्रहरूसँग नेपाल सरकारले आवश्यकताअनुसार द्विपक्षीय तथा वहुपक्षीय सम्झौताहरु गर्न सक्नेछ ।

८. नेपाल सरकार, मन्त्रीपरिषद्ले आवश्यक देखेमा अन्तर्राष्ट्रिय सैन्य सेवा स्विकृतिसम्बन्धी निर्देशिका (Guidelines for Accepting International Military Assistance/Guidelines for Civil Military Defense Assets) बमोजिम अन्तर्राष्ट्रिय सैन्यसेवाका लागि आग्रह र व्यवस्थापन गर्न सक्नेछ।

९. ठूलो विपद्का समयमा प्रभावकारी प्रतिकार्यका लागि राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (NEOC/LEMA), विपद् प्रभावित स्थानको समन्वय व्यवस्थापन केन्द्र (OSOCC) र विभिन्न राष्ट्रका सेना समन्वय केन्द्र (MNMCC) बीच समन्वय संयन्त्रको स्वत: स्थापना हुनेछ । यस्तो विपद्को समयमा राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्दले केन्द्रीय दैवी प्रकोप उद्धार समितिको सचिवालय तथा प्रतिकार्य कार्यसचांलनको समन्वय केन्द्रको रुपमा कार्य गर्ने छ । यसरी कार्य गर्दा नेपालमा क्रियाशील खोज, उद्धार तथा सहायता सम्वन्धी मानवीय संघसस्थालाई छलफल तथा वैठकका लागि आमन्त्रण गर्न सक्ने छ।

विपद् प्रभावित स्थानको समन्वय व्यवस्थापन केन्द्र र विभिन्न राष्ट्रका सेना समन्वय केन्दको सम्पर्क राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द मार्फत हुने छ। यसको स्वरुप निम्नबमोजिम हुनेछ :




१०. उल्लिखित समन्वय संयन्त्रका निकायहरूमा एक अर्का निकायका लागि फरक फरक सम्पर्क व्यक्तिहरु तोकिनेछन् । महाविपद्को सयममा यी सम्पर्क व्यक्तिहरुले नियमित वैठक गरी परिस्थितिको क्षणक्षणको अध्ययन, विश्लेषण तथा मूल्याकंन गर्ने छन् । साथै अन्य अवस्थाहरुमा सम्पर्क व्यक्तिहरूले राष्ट्रिय तहका सम्बन्धित मन्त्रालय, विभाग, कार्यालय तथा विभिन्न निकायका विपद् व्यवस्थापन सम्पर्क व्यक्तिहरूका साथै अन्तर्राष्ट्रिय निकायसँग समन्वय गरी विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउनेछन् ।

११. विपद् पूर्वतयारी तथा समन्वयका लागि प्रत्येक निकाय तथा मन्त्रालयहरुमा तोकिएको विपद् सम्पर्क व्यक्तिहरुले महाविपद्को क्षणमा स्वयं अग्रसर भई तत्काल राष्ट्रिय आपतकालीन संचालन केन्द्रमा सम्पर्क राख्न आउनु पर्ने छ।

१२. प्रभावित स्थान कार्यसञ्चालन तथा समन्वय केन्द्र (OSOCC) ले नेपाल सरकार र अन्तर्राष्ट्रिय प्रतिकार्यकर्ता बीच सम्बन्ध कायम गरी विपद् प्रभावित क्षेत्रमा अन्तर्राष्ट्रिय राहत गतिविधिमा सहजीकरण गर्ने, सहयोगका लागि कार्यमञ्च उपलब्ध गराउने, राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवीय सहयोग प्रदान गर्ने निकायबीच समन्वय, सूचना आदान-प्रदान गर्ने कार्य गर्नेछ । संयुक्त राष्ट्रसङ्घीय मानवीय संयोजकले OSOCC को समग्र समन्वयका लागि निश्चित व्यक्ति तथा निकाय तोक्ने कार्य गर्नेछ।

१३. महाविपद्को समयमा नेपाल आउन खोजेका खोज तथा उद्धार सामाग्री तथा समूहका व्यक्तिहरु र मानवीय सहायता सामाग्री तथा समूहका व्यक्तिहरुका सम्वन्धमा यहांको स्थिति अनुसार नेपाल सरकारले सहायता ग्रहण वा अस्विकार गर्न सक्ने छ। नेपाल आउने मानवीय तथा सैन्य मानवीय सहायताको सहजीकरणका लागि त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल एवं अन्य आवश्यक स्थानमा आगमन तथा प्रस्थान कक्षहरुको स्थापना गर्न सकिनेछ।

१४. महाविपद्का् समयमा सहायता उपलब्ध गराउने ध्येयका साथ नेपाल आउने वा आएका अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुले नेपाल सरकारको निर्देशनमा रही यहांको सरकारी निकाय, स्थानीय निकाय वा गैर सरकारी संस्था मार्फत सेवा सुविधा र सहायताको वितरण गर्न सक्नेछ।

१५. ठूलो विपद्का समयमा विभिन्न राष्ट्रका सेना समन्वय केन्द्र (MNMCC) ले गृह मन्त्रालयको निर्देशन वमोजिम राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र र प्रभावित स्थान कार्यसञ्चालन तथा समन्वय केन्द्र (OSOCC) को समन्वय तथा नेपाली सेनाको नेतृत्वमा आवश्यकताअनुसार सैनिक जनशक्ति परिचालन गर्न सकिनेछ ।

## ६. राष्ट्रिय विपद् प्रतिकार्यका लागि कार्य सञ्चालन विशेष व्यवस्था

यो विपद् प्रतिकार्य कार्यढांचाको प्रभावकारी कार्यान्वयनको लागि निम्नबमोजिम कार्य सञ्चालनको विशेष व्यवस्था गरिएको छ :

१. विपद् प्रतिकार्यको लागि गरिने पूर्वतयारीअन्तर्गत विपद्सम्बन्धी सूचना तत्काल प्राप्त गर्ने, विश्लेषण गर्ने र उपयुक्त माध्यमहरुवाट प्रवाह गर्ने, क्षतिको लेखाजोखाका लागि तयारी, नियमन, जनचेतना तथा क्षमता अभिवृद्धि गर्ने, समन्वय र राहत सामग्रीको पूर्वव्यवस्था तथा बन्दोबस्ती मिलाउने जस्ता क्रियाकलापहरू पर्दछन् । उल्लिखित कार्यहरू निर्दिष्ट समयमै सम्पादन गरी तयारी अवस्थामा राख्नु प्रतिकार्यकर्ताको जिम्मेवारी हुनेछ ।

२. आपत्कालीन प्रतिकार्यको तत्कालीन मानवीय सेवा अन्तर्गत समन्वय; लेखाजोखा; खोज तथा उद्धार, बन्दोवस्ती, स्वास्थ्योपचार, खानेपानी र सरसफाइ, आवासजस्ता तत्कालीन प्राथमिकता प्राप्त सेवाहरू; सडक, विद्युत्, विमानस्थल, खानेपानी आपूर्ति प्रणाली, दूरसञ्चार, सांस्कृतिक सम्पदाजस्ता संवेदनशील संरचनाको पुनःस्थापना; विस्थापित व्यक्तिको दर्ता तथा लगत अध्यावधिक, खाद्यान्न, गैरखाद्य सामग्री, औषधि, इन्धन आपूर्ति, जोखिममा रहेका समूहको संरक्षण, पाँच वर्ष मुनिका बालबालिकालाई पोषणयुक्त खानाको व्यवस्था, गर्भवती तथा बच्चालाई दूध खुवाउने महिलाको हेरचाह, सुरक्षा; प्रभावित क्षेत्र खाली गर्ने र सुरक्षित खुला स्थानको व्यवस्था गर्ने; आगलागी नियन्त्रण; फोहोर तथा शव व्यवस्थापनजस्ता कार्य तथा सेवाहरू पर्दछन् । यी कार्यलाई प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डबमोजिम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु प्रतिकार्यकर्ताको प्रमुख दायित्व हुनेछ ।

३. विपद् प्रतिकार्यको निर्णायक तहमा रहेका सम्बन्धित मन्त्रालय, विभाग, शाखा, विषयगत क्षेत्र, रेडक्रस अभियान, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था र समुदायमा आधारित संस्थाहरूले जिम्मेवारी निर्धारण भएबमोजिम आफ्नो कार्यसम्पादन गर्नु पर्नेछ ।

४. राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रले समय-समयमा विज्ञहरूको सूची, खोज तथा उद्धार समूहसँग रहेको खोज तथा उद्धार सामग्री र उपकरण, अस्पतालको सूची र क्षमता, रक्तसञ्चार तथा भण्डारण, आपतकालीन संचार व्यवस्था, एम्बुलेन्स सेवा जस्ता विषयहरुको मौजुदा संस्थागत क्षमता लेखाजोखा तथा अभिलेखीकरण गर्नेछ ।

५. आपत्कालीन प्रतिकार्यको अवधिमा राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र, केन्द्रको आधारभूत कार्य सञ्चालन विधिबमोजिम चौथो तहको आपतकालीन अवस्थामा सक्रिय रहने, राष्ट्रिय, क्षेत्रीय र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रको हातामा सैन्य कमान पोष्ट स्थापना गर्ने, सम्बन्धित मन्त्रालय तथा विभागबाट आपत्कालीन कार्यसञ्चालन केन्द्रका लागि विपद् प्रतिकार्यका लागि सम्पर्क व्यक्ति तोकिने छ । आपत्कालीन कार्यसञ्चालन केन्द्रभित्र सञ्चार केन्द्र स्थापना गरिने, राहत सामग्री आपूर्ति व्यवस्था मिलाइने, जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई सक्रिय बनाई सञ्जालीकरण गर्ने, रेडियो, टेलिभिजन, छोटकरी सन्देश सेवा र छापा सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने र प्राप्त सूचना विश्लेषण गरी प्रभावित समुदाय र सर्वसाधारणमा नियमित रूपमा सम्प्रेषण गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।

६. जिल्ला दैवी प्रकोप उद्धार समितिबाट विपद्जन्य घटना भएको जानकारी प्राप्त हुनासाथ गृह मन्त्रालयका सचिवको अध्यक्षतामा विपद् व्यवस्थापन हेर्ने महाशाखाका प्रमुख, राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रका प्रमुखसहितको बैठक बस्नेछ । बैठकले घटनाको तत्कालीन प्रतिवेदन र सूचनाको विश्लेषण गरी त्यसको प्रभाव र उत्पन्न परिस्थितिका आधारमा शीध्र समन्वय तथा आगामी कार्य गर्ने निर्णय गर्नेछ ।

७. खोज तथा उद्धार तत्काल सञ्चालन गर्न राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको हाताभित्र सैन्य कमान स्थापना गरिनेछ । कमानको नेतृत्व विपद् व्यवस्थापन सम्बन्धी महाशाखाका सहसचिवले गर्नेछन् र नेपाली सेनाका युद्धकार्य महाशाखाका सहायक रथी, नेपाल प्रहरीका प्रहरी नायव-महानिरीक्षक र सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी नायव-महानिरीक्षक कमानका सदस्य हुनेछन् ।

८. राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रका प्रमुखले तत्कालै विपद् प्रतिकार्य सम्पर्क व्यक्तिको रुपमा रही कार्य गर्ने छन् । सम्बन्धित मन्त्रालय, विभाग, सुरक्षा निकायबाट तोकिएका विपद् सम्पर्क व्यक्तिहरुले राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको प्रमुखको नेतृत्वमा काम गर्नेछन् ।

९. राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रले यस कार्य कार्यढांचाअनुरुप विपद् प्रतिकार्यलाई समेत सहयोग पुग्नेगरी शीघ्र पुनर्लाभका कार्यक्रमहरू एकैसाथ सञ्चालन गर्न सम्बन्धित मन्त्रालय, विभाग र कार्यालयबीच आवश्यक समन्वय र सहजीकरण गर्नेछ ।

१०. केन्द्रीय दैवी प्रकोप उद्धार समितिको बैठकको सिफारिसमा नेपाल सरकारले आवधिकरुपमा यस प्रतिकार्य कार्यढांचाको पुनरावलोकन साथै आवश्यकता अनुसार संशोधन गर्नेछ ।

११. उद्धार कार्य र मानवीय सहयोगका सम्बन्धमा भएका कामको राष्ट्रिय तथा जिल्ला तहमा अनुगमन तथा मूल्याङ्कन हुनेछ । केन्द्रीय दैवी प्रकोप उद्धार समितिले राष्ट्रिय तहको अनुगमन तथा मूल्याङ्कन गर्नेछ । जिल्ला दैवी प्रकोप उद्धार समितिले स्थानीय तहमा अनुगमन र मूल्याङ्कन गर्नेछ । क्षेत्रीय दैवी प्रकोप उद्धार समितिले जिल्ला तहको अनुगमन तथा मूल्याङ्कन गर्नेछ । जिल्ला तहका एकीकृत सूचना केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा पठाउनु पर्नेछ ।

## ७ . विपद् प्रतिकार्यको राष्ट्रिय स्वरुप

१. विपद्को सम्भावित जिल्ला वा स्थानबाट आपत्कालीन अवस्था उत्पन्न हुन लागेको सूचना प्राप्त भए पछि विपदको प्रभावकारी किसिमले प्रतिकार्य गर्न देहायको समयावधिमा देहायका निकायहरुको नेतृत्वमा देहाय वमोजिमका कार्यहरु गर्नुपर्ने छ ।

२. केन्द्रीय, क्षेत्रीय तथा जिल्लास्तरका दैवी प्रकोप उद्धार समितिहरुले आफ्नो आवश्यकता अनुसार बैठक वसी राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका सरकारी तथा गैर-सरकारी निकायसंग समन्वयको व्यवस्था मिलाउने छन् ।

३. राष्ट्रिय, क्षेत्रीय, जिल्ला र नगरस्तरका आपत्कालीन कार्यसंचालन केन्द्रहरुले विभिन्न संघसस्थाहरुसंग प्रतिकार्यको कियाकलापहरुलाई प्रभावकारी वनाउनका लागि आवश्यक समन्वयको भूमिका निर्वाह गर्ने छन् ।

४. विपद् प्रतिकार्य व्यवस्थापनमा गृह मन्त्रालय तथा यसको विपद् व्यवस्थापन शाखा लगायतका निम्न निकायहरुले आ-आफ्नो कार्यक्षेत्रभित्र रही सहयोगी निकायको रुपमा कार्यगर्ने छन् ।

- केन्द्रीय दैवी प्रकोप उद्धार समितिका सदस्यहरू, अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, रक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, कृषि विकास मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, समाज कल्याण परिषद, अध्यागमन विभाग, जलउत्पन्न प्रकोप नियन्त्रण विभाग, स्वास्थ्य सेवा विभाग, पशुसेवा विभाग, खानी तथा भूगर्व विभाग, जल तथा मौसम विज्ञान विभाग, सडक विभाग, औषधि व्यवस्था विभाग, केन्द्रीय तथ्याङ्क विभाग, स्वास्थ्य सेवा विभाग, सहरी विकास तथा भवन निर्माण विभाग, राष्ट्रिय भूकम्प मापन केन्द्र, फोहोरमैला प्राविधिक सहयोग केन्द्र, राष्ट्रिय ट्रोमा केन्द्र, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, वारुणयन्त्रको कार्यालयहरु, सहरी खोज तथा उद्धार समूह, क्षेत्रीय तथाजिल्लास्तरका दैवी प्रकोप उद्धार समितिका सदस्यहरू, जिल्ला विकास समितिको कार्यायलहरु, स्थानीय निकायका कार्यालयहरु, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल खाद्य संस्थान लगायतका मन्त्रालय, विभाग र सरकारी तथा गैर-सरकारी निकायहरु,
- संयुक्त राष्ट्रसङ्घीय मानवीय संयोजक लगायत संयुक्त राष्ट्रसङ्घीय निकायहरु (UNDP, UNICEF, WHO, WFP, FAO, UNFPA, UNOCHA, IOM, UNHABITAT, UNHCR, UNDSS), सम्वन्धित विषयगत क्षेत्रहरु (Relevent Clusters), वहुराष्ट्रिय संस्थाहरु, एकीकृत पर्वतीय विकास केन्द (ICIMOD), नेपालस्थित कुटनीतिक नियोगहरू, दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (SAARC), अन्तराष्ट्रिय गैर-सरकारी संस्थाहरु, रेडक्रस अभियान, अन्तर्राष्ट्रिय उड्डयन सङ्गठन लगायत अन्तराष्ट्रिय संघ सस्थाहरु,
- नेपाल रेडकश सोसाईटी, नेपाल स्कउट, निजी तथा सरकारी अस्पतालहरु, राष्ट्रिय विज्ञान तथा प्रविधि प्रतिष्ठान, प्रकोप पूर्वतयारी सञ्जाल-नेपाल, सञ्चारमाध्यम, सामुदायिक संस्थाहरू, सामुदायिक स्वयंसेवकहरू, मेडिकल एसोसिएसन, राष्ट्रिय समाचार समिति, प्रेस काउन्सिल, नेपाल पत्रकार महासङ्घ, नेपाल टेलिभिजन, रेडियो नेपाल, संचारका माध्यमहरु, हिमालयन उद्धार संघ, पर्वतीय प्रशिक्षण प्रतिष्ठान, वायुसेवा सञ्चालक सङ्घ, नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिङ परिषद, निर्माण व्यवसायी सङ्घ, ढुवानी व्यवसायी महासङ्घ, नेपाल उद्योग वाणिज्य महासङ्घ, दूरसञ्चार सेवा प्रदायकहरू, नेपाल इञ्जिनीयरिङ् एसोसिएसन, सम्वन्धित विशेषज्ञ निकायहरु,

विपद् पश्चात गर्ने निम्न कार्यहरुलाई प्रभावकारी वनाउन देहायवमोजिम नेतृत्वदायी भूमिका निर्वाह गर्ने निकायले उल्लिखित संस्थाहरुसंग समन्वय गर्ने छन् ।

| समयावधि | सञ्चालन गतिविधि | जिम्मेवार नेतृत्वदायी निकायहरू |
|---|---|---|
| **० देखि १ घण्टा भित्र** | भूकम्पीय विपदको जानकारी दिने | राष्ट्रिय भूकम्प मापन केन्द्र |
| | घरायसी आगलागी तथा आगलागि विपद् सम्वन्धी प्रतिकार्यको निर्देशन दिने | जिल्ला विकास समितिको कार्यालय, नगरपालिकाको कार्यालय, गाविसको कार्यालय |
| | खोज तथा उद्धारका लागि तत्काल निर्देशन दिने र खोज तथा उद्धारका लागि सुरक्षा निकाय परिचालन हुने | जिल्ला दैवी प्रकोप उद्धार समिति र सुरक्षा निकायहरु |
| | विपद्को यथार्थ सूचना तथा उद्धार प्रयासको जानकारी सार्वजनिकरुपमा प्रवाह गर्ने | गृह मन्त्रालय/आकसंकेन्द्रहरु |
| | विधुतीय संचारका सवै माध्यममा एकैपटक स्वतः आपतकालीन सन्देश आउने प्रणाली स्थापना गरी संचालनमा ल्याउने | सूचना तथा संचार मन्त्रालय, गृह मन्त्रालय |
| **० देखि ७ घण्टा भित्र** | जलवायुजन्य विपद्को जानकारी दिने तथा सूचना प्रवाह गर्ने | जल तथा मौसम विज्ञान विभाग |
| | घटना सम्वन्धी विवरण तयारी गरी सूचना प्रवाह गर्ने | प्रजिअ/जिल्ला दैवी प्रकोप उद्धार समिति |
| | जिल्ला दैवी प्रकोप उद्धार समितिको बैठक बस्ने | जिल्ला प्रशासन कार्यालय/जिल्ला दैवी प्रकोप उद्धार समिति |
| | गृह मन्त्रालयमा सम्वन्धित पदाधिकारीहरुको आपत्कालीन बैठक वस्ने | गृह मन्त्रालय/राआकासं केन्द्र |
| | राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र आपतकालिन स्थितिको कार्यसंचालन विधि (SOP) वमोजिम सक्रिय भई कार्य | गृह मन्त्रालय/राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र |

| समयावधि | सञ्चालन गतिविधि | जिम्मेवार नेतृत्वदायी निकायहरू |
|---|---|---|
| | गर्ने | |
| | जनतालाई सचेत गराउन रेडियो, टेलिभिजन, छोटकरी सूचना सेवा (SMS) का माध्यमबाट तथ्यगत पूर्वचेतावनी, आपत्कालीन चेतावनी, भएगरेका उद्धारका प्रयासहरु तथा सार्वजनिक आह्वान विषयक सूचनाहरु प्रवाह गर्ने । यसबारे देशभित्र र सीमापारमा समेत प्रभाव पर्ने देखिएमा सीमापार र अन्तर्राष्ट्रिय तहमा समेत नियमित रुपमा जानकारी दिने । यस्तो सूचना आवश्यकताअनुसार नियमित रुपमा प्रवाह गर्ने । | राष्ट्रिय, क्षेत्रीय र जिल्ला, स्थानीयतहका आपत्कालीन कार्यसञ्चालन केन्द्रहरु |
| | केन्द्रीय दैवी प्रकोप उद्धार समितिको बैठक बोलाउने | गृह मन्त्रालय/केन्द्रीय दैवी प्रकोप उद्धार समिति |
| ०-२४ घण्टा भित्र | महामारी विपद्का सम्वन्धमा मानिसमा हुने महामारी अवस्थाको जानकारी दिने तथा प्रतिकार्य सुरु गर्ने | स्वास्थ्य सेवा विभाग/महामारी तथा सरुवा रोग नियन्त्रण महाशाखा |
| | पशुमा हुने महामारीका सम्वन्धमा व्यवस्थित गर्नका लागि निर्देशन तथा समन्वय गर्ने | पशुसेवा विभाग |
| | आणविक, जैविक र रसायनिक प्रकोपका सम्वन्धमा जानकारी प्रवाह गर्ने तथा प्रकोप पिडीत उद्धार गर्ने | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय |
| | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरूसँग संम्भाव्य सहयोगका लागि समन्वय गर्ने | केन्द्रीय दैवी प्रकोप उद्धार समिति |
| | राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई विपद् प्रतिकार्यका लागि मुख्य समन्वय केन्द्रको रुपमा परिचालन गर्ने | राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| | पीडितलाई तत्काल पुनस्थापना तथा पुनर्वास गर्न खोज तथा उद्धार दललाई तत्काल परिचालन गर्ने | जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र र सुरक्षा निकायहरु |
| | पीडित घाइतेहरुका सम्वन्धमा तत्काल घटनास्थलमै उपचारको व्यवस्था मिलाउने | नेपाल रेडक्रस/अस्पतालहरु |
| | एम्बुलेन्स सेवा, आपत्कालीन प्राथमिक उपचार र घाइतेको लागि यातायातको व्यवस्था तत्काल मिलाउने | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| | सिकिस्त घाइतेलाई तत्काल उपचारका लागि अस्पताल पठाउने र उपचार सुरु गर्ने | गृह मन्त्रालय र अस्पतालहरु |
| | आगलागी भएको क्षेत्रमा आगो निभाउने तथा नियन्त्रण गर्ने | नगरपालिका र वारुणयन्त्र कार्यालयहरु |
| | केन्द्रीय दैवीप्रकोप उद्धार समितिको सिफारिसमा विपद् व्यवस्थापन सम्वन्धी आधार र प्रकृया तोकी आपत्कालीन अवस्थाको घोषणा गर्ने | मन्त्रिपरिषद |
| | प्रारम्भिक स्वरुपको द्रूत लेखाजोखा गर्ने | जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| | संयुक्त राष्ट्रसङ्घीय विषयगत क्षेत्रलाई सक्रिय बनाउने | संयुक्त राष्ट्रसङ्घ मानवीय संयोजक |
| | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगको लागि आह्वान गर्ने | मन्त्रिपरिषद |
| | राष्ट्रिय, क्षेत्रीय र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई सञ्चार व्यवस्थापन केन्द्रको रुपमा संचालन गर्ने | राष्ट्रिय/क्षेत्रीय/जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| | विमानस्थल सुरक्षा र नागरिक उड्डयन ट्राफिक व्यवस्थापन गर्ने | नेपाल नागरिक उड्डयन प्राधिकरण |
| | सडक सम्पर्क न्यूनतम पुनःस्थापन गर्ने | सडक विभाग |
| | भीड व्यवस्थापन गरी स्थान खाली गर्ने, पीडितहरुलाई नजिकको क्याम्पहरुमा पठाइ भीड व्यवस्थापन गर्ने | खोज तथा उद्धार समूह/सुरक्षा निकाय |
| | पर्यटक, कुटनीतिक व्यक्ति तथा विदेशीको शव हस्तान्तरण र अन्य प्रभावित क्षेत्रमा समेत सञ्चार सम्पर्क गर्ने व्यवस्था मिलाउने | परराष्ट्र मन्त्रालय |
| २४ देखि ४८ घण्टा भित्र | खोज तथा उद्धार र राहत सामाग्रीहरुका सम्वन्धमा यातायात तथा ढुवानी सुविधाको प्रबन्ध गर्ने | यातायात व्यवस्था विभाग |
| | पीडित र आन्तरिक विस्थापितका लागि आधारभूत खाद्य सामग्री उपलब्ध गराउने र उपलब्धता सुनिश्चित गर्ने | वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| | विदेशवाट आउने उद्धार सामग्री प्रदायक, ढुवानीकर्ता र अन्तर्राष्ट्रिय मानवीय सहयोग उपलब्ध गराउने समुदायको दर्ता तथा सहजीकरण गर्ने | परराष्ट्र मन्त्रालय / अध्यागमन विभाग |
| | अन्तर्राष्ट्रिय मानवीय सहयोग उपलब्ध गराउने समुदायको लागि सडक तथा हवाइमार्गबाट प्रवेश गर्ने ठाउँमै भिषा शुल्क र भन्सार छुट दिने व्यवस्था मिलाउने | भन्सार विभाग/अध्यागमन विभाग |
| | राहत सामग्रीको ढुवानी र प्राप्तिको कामलाई सहज | राष्ट्रिय/जिल्ला आपत्कालीन |

| समयावधि | सञ्चालन गतिविधि | जिम्मेवार नेतृत्वदायी निकायहरू |
|---|---|---|
| | कार्यान्वयनको लागि  समन्वय गर्ने | कार्यसञ्चालन केन्द्र |
| | अस्पताल, स्वास्थ्य केन्द्र, आन्तरिक रुपमा विस्थापितको शिविर, विद्यालयजस्ता आधारभूत क्षेत्रमा विद्युतीय सेवा उपलब्ध गराउने | नेपाल विद्युत् प्राधिकरण |
| | प्रभावित क्षेत्रमा अस्थायी अस्पतालको स्थापना गर्ने | महामारी तथा सरुवा रोग नियन्त्रण महाशाखा |
| | अस्पताल, आन्तरिक रुपमा विस्थापितको शिविर, औषधि वितरण केन्द्र वा औषधालय, विद्यालय र अन्य बसोबास क्षेत्रमा खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रबर्द्धन सेवा उपलब्ध गराउने | खानेपानी तथा ढल निकास विभाग |
| | जैविक, ठोस तथा प्रकोपजन्य फोहोरको उचित प्रबन्ध मिलाउने वा नष्ट गर्ने | फोहोर मैला व्यवस्थापन केन्द्र |
| | भण्डारण गृहहरु, विस्थापित बसोबास गराइएको शिविर, व्यक्तिगत आवास, मानवीय सेवाप्रदायक र सम्पत्तिको सुरक्षा तथा कानुन कार्यान्वयनलाई प्रभावकारी बनाउने | गृह मन्त्रालय |
| | प्रभावित परिवारको दर्ता गर्ने, पीडितको लागि परिचयपत्र उपलब्ध गराउने र तथ्याङ्कको उचित प्रबन्ध र व्यवस्था गने | जिल्ला प्रशासन कार्यालय/जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| | आकस्मिक संचारको प्रवन्ध गर्ने तथा यथाशीघ्र छिटो दूरसञ्चारको पुनःस्थापन गरी सेवा सञ्चालन गर्ने | सूचना तथा सञ्चार मन्त्रालय |
| **४८ देखि ७२ घण्टा भित्र** | मौजुदा अवस्थामा अस्पताल, विद्यालय, स्वास्थ्यसेवा प्रदायकका साथै सडक, पुल र अन्य संरचनाको क्षतिको लेखाजोखा प्रारम्भ गर्ने | गृह मन्त्रालय |
| | घुऱ्यान तथा थुप्रिएको फोहारहरु व्यवस्थापन | नगरपालिका/गाविस |
| | मरेका पशुका शवहरु संकलन तथा व्यवस्थापन गर्ने | नगरपालिका/गाविस |
| | पीडितहरुको खोज तथा उद्धारगरी तिनीहरुलाई तत्काल आवश्यक पर्ने खाद्यान र न्यूनतम मानवोचित साम्राग्री र स्वीकृत मापदण्ड वमोजिम राहत रकम उपलब्ध गराउने | प्रजिअ/जिल्ला दैवी प्रकोप उद्धार समिति |
| **७२ घण्टा देखि ७ दिन भित्र** | शव व्यवस्थापन निर्देशिका वमोजिम मृत्युभएका शवहरुको व्यवस्थापन, आर्थिक सहयोग र मृतकको प्रमाणपत्र जारी गर्ने | जिल्ला दैवी प्रकोप उद्धार समिति |
| | प्रभावित स्थानमा, शिविर संचालन भएका स्थानहरुमा, राहत सामाग्री वितरण हुदां तथा खोज तथा उद्धारका समयमा हुन सक्ने महिला हिंसाका गतिविधिका सम्वन्धमा विशेष निगरानी राख्ने तथा वालवालिका, वृद्ध, अपाङ्ग र असहाय वर्गका विषयमा विशेष संरक्षणको प्रवन्ध गर्ने | महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय |
| | बहुक्षेत्र प्रारम्भिक द्रूत लेखाजोखा प्रारम्भ गर्ने | संयुक्त राष्ट्रसङ्घ मानवीय समन्वय सहयोग कार्यालय |
| | खाना बनाउने भाँडावर्तन, इन्धन, लुगाफाटो, कम्बल, परिवार, बालबालिका, महिलाका लागि आवश्यक पर्ने स्वास्थ्य प्रबर्द्धन सामग्रीजस्ता गैरखाद्य सामग्रीको सेट वितरण गर्ने | नेपाल रेडक्रश सोसाइटी |
| **७ दिन देखि २ साता भित्र** | पहिले पहिचान भएको ठाउँमा अस्थायी शिविरको स्थापना गर्ने र विस्थापितलाई व्यवस्थित बनाउन सुरक्षित र खुला ठाउँमा लैजाने प्रबन्ध मिलाउने | सहरी विकास मन्त्रालय |
| | शिविरका बालबालिकामा हुन सक्ने कुपोषणको अवस्थालाई मध्यनजर गरी आवश्यक प्रवन्ध मिलाउने | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| | शिविर र खुला स्थानमा खुला दिशापिसाव वा अन्य माध्यमबाट सर्ने सरुवा रोगको नियन्त्रण गर्ने | महामारी तथा सरुवा रोग नियन्त्रण महाशाखा |
| | मानवीय कार्यका लागि भएका प्रतिकार्य, उद्धार कार्यको अनुगमन र प्रतिवेदन तयार गर्ने | जिल्ला दैवी प्रकोप उद्धार समिति |
| | प्रभावित र खासगरी सङ्कटासन्न समूहका लागि स्वच्छ र सुरक्षित वातावरणको प्रत्याभूति दिने, विशेषगरी लैङ्गिक हिंसा नियन्त्रण गर्न विशेष ध्यान दिने | जिल्ला महिला तथा वालवालिका कार्यालय |
| | मानसिक तनावमा परेका व्यक्तिलाई मनोसामाजिक सेवा उपलब्ध गराउने तथा स्वास्थ्य सेवा प्रदान गर्ने | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| | परिवारसँग विछोडिएका बालबालिकालाई परिवारसँग मिलन गराउने र परिवार गुमाएका वा एक्ला बालबच्चाको उचित स्याहार र लालनपालनको व्यवस्था मिलाउने वा आफन्तलाई बुझाउने | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| **२ साता देखि १ महिना भित्र** | प्रकोप पीडित समुदायलाई स्वीकृत मापदण्ड वमोजिम नगद तथा अन्य प्रकारको आवश्यक सहयोग उपलब्ध गराउने | जिल्ला दैवी प्रकोप उद्धार समिति |

| समयावधि | सञ्चालन गतिविधि | जिम्मेवार नेतृत्वदायी निकायहरू |
|---|---|---|
| | विद्यालय खुलाउने र सबै बालबालिका तथा विद्यार्थीलाई विद्यालयमा पुनः ल्याउने वातावरण तयार गरी उनीहरूको जीवनलाई सामान्य बनाउन सहयोग गर्ने | शिक्षा विभाग |
| | शिविरमा अस्पताल संचालन, विद्यालय संचालन, सुरक्षाको प्रवन्ध, उपयोगिताका वस्तुहरु तथा अन्य आवश्यक न्यूनतम मानवोचित सेवाहरुको प्रवन्ध गर्ने | सहरी विकास तथा भवन निर्माण विभाग |
| | तत्कालीन पुनर्स्थापनाको लागि आवश्यक अध्ययन, लेखाजोखा तथा विश्लेषण गरी बसोबास र जीविकोपार्जनजस्ता प्रमुख क्षेत्रको विकासका कार्यलाई अघि बढाउने वातावरण तयार गर्ने | सहरी विकास तथा भवन निर्माण विभाग |
| | विपद् घटनाको, खोज तथा उद्धार प्रयासको, राहत तथा तत्कालीन सहयोगको, शिविर संचालनको र पुनर्स्थापनाका प्रयासहरुको समग्र विश्लेषण सहित प्रतिवेदन तयार गर्ने | गृह मन्त्रालय |

## ८. आपत्कालीन प्रतिकार्यका लागि पूर्वतयारीसम्बन्धी भावी कार्ययोजना

माथि उल्लिखित प्रतिकार्यका क्रियाकलापहरुलाई प्रभावकारी वनाउन निम्न वमोजिमको पूर्व तयारी कार्ययोजना वनाउन जरुरी छ । यहां यस कार्ययोजना वमोजिम देहायवमोजिमको नेतृत्व गर्ने निकायहरुलाई देहायवमोजिमको गतिविधि गर्नकालागि यो कार्यढांचाले निर्देशन गर्दछ ।

| क्रसं | गतिविधि | नेतृत्व गर्ने निकाय | समन्वय गर्ने निकाय तथा सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | राष्ट्रिय, क्षेत्रीय र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र नजिक र काठमाडौं उपत्यकामा इन्धनको पूर्वतयारी भण्डारण गर्ने सम्वन्धमा कार्य योजना तर्जुमा गर्ने | नेपाल आयल निगम | वाणिज्य तथा आपूर्ति मन्त्रालय, सुरक्षा निकायहरु, पेट्रोलियम विक्रेता सङ्घ, साझा पेट्रोल पम्प | ३ महिना भित्र |
| २ | पूर्वचेतावनी प्रणाली राष्ट्रिय रणनीतिक कार्ययोजना तयारी र स्वीकृत गर्ने | विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय | गृह मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग | ६ महिना भित्र |
| ३ | आपत्कालीन सञ्चार रणनीति बनाउने | सूचना तथा सञ्चार मन्त्रालय | गृह मन्त्रालय, राष्ट्रिय, क्षेत्रीय र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र, नेरेसो, नेपाल दूर संचार प्राधिकरण, राष्ट्रिय समाचार समिति तथा संचार माध्यमहरु, अ/गैसस, दातृ निकायहरू | ६ महिना भित्र |
| ४ | क्षेत्र र जिल्ला तहमा खाद्यसामग्रीको पूर्वतयारी तथा भण्डारण गर्ने | वाणिज्य तथा आपूर्ति मन्त्रालय | गृह मन्त्रालय, स्थानीय निकायहरु, नेरेसो, अ/गैसस, दातृ निकाय | ६ महिना भित्र |
| ५ | संभावित विपद्को आकंलन गरी सोको प्रतिकार्यका लागि अभ्यास गर्ने/गराउने | राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र | नेरेसो, सुरक्षा निकायहरु, जिदैप्रउस स्थानीय निकायहरु, विषयगत क्षेत्रका सदस्य निकाय, अ/गैसस, अन्य दातृ निकाय | ६ महिना भित्र |
| ६ | प्रतिकार्य सम्पर्क केन्द्रको स्थापना गर्ने कार्ययोजना तर्जुमा गर्ने | राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र | गृह मन्त्रालय, सम्बन्धित मन्त्रालय तथा विभागहरू, सुरक्षा निकायहरू, स्थानीय निकायहरु, संरासङ्घीय निकायहरु, रेडक्रस अभियान र दातृ निकायहरू | ६ महिना भित्र |
| ७ | ठूलो विपद्को प्रतिकार्यका लागि विरगञ्ज सुख्खा बन्दरगाहसम्म राहत सामग्री ढुवानीका लागि कलकत्ता बन्दरगाह र भारतीय रेल परिवहनसँग सम्झौता गर्ने | भैतिक पूर्वाधार तथा यातायता मन्त्रालय | गृह मन्त्रालय/परराष्ट्र मन्त्रालय, सार्क विपद् व्यवस्थापन केन्द्र, संरासङ्घीय नियकायहरु, संरासङ्घीय विषयगत क्षेत्र र सदस्य निकायहरु | ६ महिना भित्र |
| ८ | घुऱ्यान तथा थुप्रिएको फोहार व्यवस्थापन सम्वन्धी स्थानको खोजी तथा व्यवस्थापन सम्वन्धी कार्य योजना तर्जुमा गर्ने | स्थानीय निकाय | गृह मन्त्रालय, स्थानिय निकायहरु, वन्दोबस्ती विषयगत क्षेत्र, विषयगत क्षेत्रका सदस्य निकाय र सहयोगी निकायहरू | ६ महिना भित्र |
| ९ | खोज, उद्धार तथा राहत वितरणमा सहयोग पुऱ्याउन तत्काल विपद् स्थलमा सहज पहुंचका लागि अस्थायीरुपमा पुल, सडक तथा गोरेटो वाटो निर्माण गर्न तथा सहज पहुंचका | नेपाली सेना | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरीवल, नेपाल रेडकश, स्थानीय निकायहरु | १ वर्षभित्र |

| क्रसं | गतिविधि | नेतृत्व गर्ने निकाय | समन्वय गर्ने निकाय तथा सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | लागि डेब्रिस् सफा गर्नका लागि कार्ययोजना वनाउने | | | |
| १० | प्राविधिक निकाय र राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रवीच पूर्वचेतावनी प्रणालीको परीक्षण गर्ने | विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय | गृह मन्त्रालय, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय, खानी तथा भूगर्भ विभाग, जल तथा मौसम  विज्ञान विभाग, राष्ट्रिय भूकम्प मापन केन्द्र, संयुक्त राष्ट्रसङ्घीय विषयगत क्षेत्र र सदस्य, मानवीय मामिला तथा समन्वय कार्यालय | १ वर्षभित्र |
| ११ | विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापन कार्यका लागि स्रोतको सूची तयार गर्ने र संस्थागत क्षमताको विश्लेषण गर्ने यसमा विशेषतः विज्ञहरूको सूची, खोज तथा उद्धार औजार, अस्पताल र तिनको क्षमताको सूची, एम्वुलेन्स, आकस्मिक संचार सेवाको अवस्था वारुण यन्त्रको अवस्था आदिको विश्लेषण गर्ने | राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानिय निकायहरु, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सप्रबल, मेडिकल काउन्सिल, नर्सिङ परिषद, अस्पतालहरू, नेरेसो, मानवीय मामिला तथा समन्वय कार्यलय, दातृनिकायहरु | १ वर्षभित्र |
| १२ | मुख्य सहरहरूमा विस्थापितलाई तत्काल राख्ने खुला र सुरक्षित क्षेत्रको पहिचान तथा योजना तयारी गर्ने । भेला हुने केन्द्र र बसोबास क्षेत्रबाट त्यहाँ पुग्ने वैकल्पिक बाटोको समेत पहिचान गर्ने । | सहरी विकास मन्त्रालय | गृह मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग, खानेपानी तथा सरसफाई विभाग, सडक विभाग, स्थानीय निकाय, सुरक्षा निकाय, नेविप्रा, दूरसञ्चार प्राधिकरण, नेरेसो, अन्तर्राष्ट्रिय आप्रवासी सङ्घ, अ/गैसस | १ वर्षभित्र |
| १३ | ७५ जिल्लामा खोज तथा उद्धार, सामग्री र आवश्यक औजार तथा उपकरणहरु तयारी अवस्थामा राख्ने | आपत्कालीन कार्यसञ्चालन केन्द्रहरु | जिदैप्रउस, नेपाली सेना, नेपाल प्रहरी, सप्रबल, नेरेसो, नेपाल नागरिक उड्डयन प्राधिकरण, समुदाय, स्वयंसेवक संस्थाहरू र मानवीय कार्यमा संलग्न संघ तथा सस्थाहरु | १ वर्षभित्र |
| १४ | राष्ट्रिय, क्षेत्रीय, जिल्ला र स्थानीय विपद् प्रतिकार्यका लागि खोज तथा उद्धार समूहको क्षमता विकास गर्ने । दुइवटा मध्यम स्तरको समूह र सातवटा सामान्य स्तरको समूह गठन गरी क्षमता विकास गर्ने । | गृह मन्त्रालय | संरासङ्घीय मानवीय मामिला समन्वय कार्यालय,<br>नेपाली सेना, नेपाल प्रहरी, सप्रबल, रेडक्रस अभियान, अन्तर्राष्ट्रिय खोज तथा उद्धार समूह, दातृ निकाय | १ वर्षभित्र |
| १५ | भण्डारण गृहको स्थापना तथा व्यवस्थापन गरी गैरखाद्य सामग्री, राहत सामग्री र औषधि समेत तयारी अवस्थामा राख्ने | नेरेसो | गृह मन्त्रालय, स्थानीय निकाय, संरासङ्घीय निकाय, रेडक्रस अभियान, अ/गैसस, दातृ निकायहरु | १ वर्षभित्र |
| १६ | राष्ट्रिय तथा जिल्ला तहमा आपत्कालीन सञ्चारप्रणालीको स्थापना गर्ने र यस्तो प्रवन्ध अन्तर-मन्त्रालय र रणनैतिक स्थानहरुमा तथा वैदेशिक सम्पर्कका लागि समेत व्यवस्था गर्ने | सूचना तथा सञ्चार मन्त्रालय | राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र, सुरक्षा निकायहरू, नेरेसो, दूरसञ्चार प्राधिकरण, दूरसञ्चार सेवा प्रदायकहरू, विषयगत क्षेत्र सम्वन्धी निकायहरु, संयुक्त राष्ट्रसङ्घीय निकायहरु | १ वर्षभित्र |
| १७ | विषयगत क्षेत्रको आपत्कालीन योजना तयार गर्ने | राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र | विषयगत क्षेत्र सम्वधित मन्त्रालय र विभागहरू, संरासङ्घीय निकायहरू, अ/गैसस, दातृ निकायहरु र विषयगत क्षेत्रका सदस्य निकाय | १ वर्षभित्र |
| १८ | सम्वद्ध मन्त्रालयहरु, सुरक्षा निकायहरु, सार्वजनिक सामग्री प्रदायक र वित्तीय संस्थाहरूको व्यवसायिक कार्यको निरन्तरताका लागि योजना तयार (Business Continunity Plan) गर्ने, | सम्वन्धित मन्त्रालय, सुरक्षा निकायहरु तथा सम्वद्ध संस्थाहरु | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको सचिवालय<br>विशेषज्ञ, दातृ निकायहरु | १ वर्षभित्र |
| १९ | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विपद् प्रतिकार्य योजना तयार गर्ने र प्रतिकार्यका लागि वैकल्पिक स्थलको रुपमा क्षेत्रीय विमानस्थलहरूको क्षमता विकास गर्ने । विमानस्थलहरुमा आवश्यक उपकरण, सामग्री तथा साधनहरु तयारी अवस्थामा राख्ने | नेपाल नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाली सेना, नेपाल वायुसेवा सञ्चालक सङ्घ, विषयगत क्षेत्रका सदस्य निकाय, अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन, कुरियर तथा संचार सेवा प्रदायकहरु, दातृ निकायहरु | १ वर्षभित्र |
| २० | ठूलो विपद्को समयमा सहजरुपमा | परराष्ट्र मन्त्रालय | गृह मन्त्रालय, कानून, न्याय, संविधान | १ वर्षभित्र |

| क्रसं | गतिविधि | नेतृत्व गर्ने निकाय | समन्वय गर्ने निकाय तथा सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | प्रतिकार्य गर्न र खोज तथा उद्धार कार्यलाई प्रभावकारी वनाउन मित्रराष्ट्र तथा छिमेकी मुलुकहरुसँग आवश्यक सम्झौता गर्ने | | सभा तथा संसदीय मामीला मन्त्रालय, नेपाल स्थित विदेशी नियोगहरु | |
| २१ | विपद् प्रकिकार्य तथा प्रतिकार्य पूवतयारीका सम्वन्धमा अन्तर्राष्ट्रिय सहयोग प्राप्ति र त्यसका लागि तत्कालै गर्नु पर्ने प्रक्रियागत व्यवस्थापनका लागि निर्देशिका तयार गर्ने | गृह मन्त्रालय | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, रेडक्रस अभियान, मानवीय मामिला समन्वय कार्यालय (OCHA) | १ वर्षभित्र |
| २२ | तीनवटै सुरक्षा निकायहरुमा केन्द्रीय तथा क्षेत्रीय तहमा निर्दिष्ट स्टाफ र दमकल सहितको विपद् व्यवस्थापनका पूर्ण सामाग्री सहितको एकाई टोली तयारी अवस्थामा राख्ने प्रवन्ध गर्ने | सुरक्षा निकायहरु | गृह मन्त्रालय, रक्षा मन्त्रालय, अर्थ मन्त्रालय | १ वर्षभित्र |
| २३ | अन्तर्राष्ट्रिय खोज तथा उद्धार समूहको सहयोग लिने, विभिन्न राष्ट्रवाट आउने सेना परिचालन गर्न सक्ने र व्यवस्थापन सम्बन्धी निर्देशिका तयारी गर्ने | रक्षा मन्त्रालय | गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, नेपाली सेना | १ वर्षभित्र |
| २४ | विपद् प्रभावित स्थानको समन्वय व्यवस्थापन केन्द्र र विभिन्न राष्ट्रका सेना समन्वय केन्दको संरचना तथा प्रकृया निश्चित गर्न कार्यसंचालन प्रकृया निर्माण गर्ने | राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र | गृह मन्त्रालय, नेपाल सेना, युन ओचा, विषयगत समूहका सदस्यहरु, दातृ निकाय | १ वर्षभित्र |
| २५ | अन्तर्राष्ट्रिय मानवीय सहयोग समूहको भिसा शुल्क र  खोज तथा उद्धार सामग्री र औजार र राहत सामग्रीको भन्सार छुटका सम्बन्धमा ‘भंसारसम्वन्धी नमूना सम्झौता’ वमोजिम आवश्यक नीतिगत प्रवन्ध मिलाउने | गृह मन्त्रालय | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, अध्यागमन विभाग, भंसार विभाग, संयुक्त राष्ट्रसङ्घीय मानवीय संयोजक, रेडक्रस अभियान | १ वर्षभित्र |
| २६ | विपद्को समयका लागि नेपालका सहरी क्षेत्रहरूमा खानेपानीको वितरण र व्यवस्थापन योजना तयार गर्ने | खानेपानी तथा ढल निकास विभाग | सहरी विकास मन्त्रालय, सुरक्षा निकायहरू, रेडक्रस अभियान, खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन क्षेत्र र  त्यसका सदस्य निकाय | १ वर्षभित्र |
| २७ | विपद् जन्य स्थितिका लागि शव व्यवस्थापन कार्ययोजना तयार गर्ने | जिदैप्रउस | राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र/गृह मन्त्रालय, सुरक्षा निकायहरू, स्थानिय निकायहरु, नेरेसो | १ वर्षभित्र |
| २८ | सङ्कटासन्न समूह र विपद्को समयमा लैङ्गिक हिंसा नियन्त्रण तथा उनीहरूको संरक्षणका लागि आवश्यक योजना तयार गर्ने | महिला तथा वालवालिका विभाग | राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानवअधिकार आयोग, नेपाल प्रहरी, सप्रवल, संरक्षण विषयगत क्षेत्र र सदस्य निकाय | १ वर्षभित्र |
| २९ | राष्ट्रिय, क्षेत्रीय र जिल्ला तहमा गरिने उद्धारकार्य र मानवीय सहयोग परिचालनको अनुगमन र मूल्याङ्कनका लागि विधि एवं प्रकृयाको विकास गर्ने र उक्त विधि अनुसारको तयारी गर्ने | राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र | गृह मन्त्रालय, जिदैप्रउस/जिआकास केन्द्र | १ वर्षभित्र |
| ३० | दैवी प्रकोप उद्धार कोषबाट सहयोग उपलब्ध गराउने वस्तु र मापदण्डको प्रारुप तयार गर्ने | केन्द्रीय दैवी प्रकोप उद्धार समूह | गृह मन्त्रालय, मन्त्रिपरिषद | १ वर्षभित्र |
| ३१ | पीडितको दर्ता तथा पछ्याउने प्रकृया ( Tracking Technices) र तथ्याङ्क अध्यावधिक गर्ने विधि र औजारको विकास गर्ने | राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र | गृह मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, स्थानीय निकायहरु, विषयगत क्षेत्र र सदस्य निकाय, दातृ निकाय | १ वर्षभित्र |
| ३२ | नेपाल सरकारको आग्रह तथा स्वागत अनुरुप नेपाल आएका तथा आउने खोज, उद्धार र सहायता सामाग्री र त्यससंग सम्वन्धित व्यक्तिको काम कारवाहीको प्राथमिकीकरण गर्न प्राथमिता कार्ययोजना वनाउने | राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र | गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, नेपाल स्थित विदेशी नियोगहरु, विषयगत क्षेत्र सदस्य निकाय, दातृ निकाय | १ वर्षभित्र |

| क्रसं | गतिविधि | नेतृत्व गर्ने निकाय | समन्वय गर्ने निकाय तथा सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| ३३ | महाविपद् पश्चात तत्काल विधुत सेवा सु-संचालन गर्नका लागि विपद्जन्य स्थितिमा विधुत संचालन गर्ने कार्ययोजना वनाउने | नेपाल विधुत प्राधिकरण | उर्जा मन्त्रालय, गृह मन्त्रालय, शहरी विकास मन्त्रालय | १ वर्षभित्र |
| ३४ | ठूलो विपद्को समयमा हुनसक्ने भौतिक क्षतिवाट संरक्षण गरिराखिएका जंगली जनावरहरु वाहिर निस्कन सक्ने संभावनालाई समेत मध्यनजर गरी चिडिया घरहरुले आकस्मिक योजना वनाउने | राष्ट्रिय चिडिया खाना | वन्ज जन्तु आरक्ष विभाग, नेपाल प्रकृति संरक्षण कोष, स्थानीय निकाय, सुरक्षा निकाय | १ वर्षभित्र |
| ३५ | विपद् पश्चातको अवधिमा मृत जनावरहरुको शव व्यवस्थापनका लागि कार्य योजना वनाउने | कृषि विकास मन्त्रालय | गृह मन्त्रालय, स्थानीय निकायहरु, सहयोगी संस्थाहरु | १ वर्षभित्र |
| ३६ | राष्ट्रिय, क्षेत्रीय र जिल्ला तहको एकीकृत खोज तथा उद्धार योजना तयार गर्ने | गृह मन्त्रालय | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय, स्थानीय निकाय, वारुणयन्त्र, नेरेसो, मानवीय मामिला तथा समन्वय कार्यालय | १ वर्षभित्र |
| ३७ | आपत्कालीन प्रतिकार्य योजना र व्यवस्थापनविधि प्रभावकारी गर्नका लागि राष्ट्रिय, क्षेत्रीय र जिल्ला तहको क्षमता विकास गर्ने | गृह मन्त्रालय | गृह मन्त्रालय, संरासङ्घीय विषयगत क्षेत्र र सदस्य निकाय, रेडक्रस अभियान, दातृ निकायहरू | १ वर्षभित्र |
| ३८ | खाद्य तथा गैर-खाद्य  सामाग्रीहरु जिल्ला, क्षेत्रीय तथा केन्द्रीय तहमा भण्डारण गर्नको लागि आवश्यक भण्डारगृह निर्माण, सुधार र मर्मतसम्भारका लागि योजना वनाइ कार्यान्वयन गर्ने गराउने | गृह मन्त्रालय | वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल खाद्य संस्थान,  नेपाल रेडक्रस, नेरेसो, संरासङ्घीय विषयगत क्षेत्र र विषयगत सदस्य निकायहरु | १ वर्षभित्र |
| ३९ | अतिवृष्टीका कारणले हुन सक्ने तथा हुने वाढी तथा डुवान नियन्त्रण सम्वन्धी कार्य योजना वनाउने | सिंचाई विभाग | सिंचाई मन्त्रालय, गृह मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, भूमी सुधार तथा व्यवस्था मन्त्रालय, स्थानीय निकायहरु, नपाल रेडक्रश, | १ वर्षभित्र |
| ४० | जलाधार तथा भू-संरक्षण सम्वन्धी आपत्कालीन व्यवस्थापनका लागि कार्ययोजना वनाउने | भू-संरक्षण विभाग | वन तथा भू-संरक्षण मन्त्रालय, सिंचाई मन्त्रालय, गृह मन्त्रालय, भूमी सुधार तथा व्यवस्था मन्त्रालय, स्थानीय निकायहरु, नपाल रेडक्रश, | १ वर्षभित्र |
| ४१ | महाविपद्को अवस्थालाई मध्यनजर गरी विद्यमान विपद् पश्चातको शव व्यवस्थापन सम्वन्धी मार्गदर्शन लाई परिमार्जन गर्ने | गृह मन्त्रालय | स्वास्थ तथा जनसंख्या मन्त्रालय, नेपाल रेडक्रश, मेडिकल काउन्सिल, स्थानीय निकाय | १ वर्षभित्र |
| ४२ | विकास क्षेत्रहरुमा क्षेत्रीय आपत्कालीन कार्यसञ्चालन केन्द्र र सवै जिल्लाहरुमा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना गरी सञ्जालयुक्त बनाउने | राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र | गृह मन्त्रालय, संरासङ्घीय विकास कार्यक्रम, दातृ निकायहरू | १ वर्षभित्र |
| ४३ | वन डढेलो नियन्त्रण तथा क्षति न्यूनीकरण सम्वन्धी कार्ययोजना वनाउने | वन तथा भू-संरक्षण मन्त्रालय | संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय, भूमि सुधार तथा व्यवस्था मन्त्रालय, स्थानीय निकायहरु | १ वर्षभित्र |
| ४४ | घना वस्ती, शहरी क्षेत्र तथा ठूला संरचना भएका क्षेत्रहरुमा पर्याप्त पानी आउने प्वाइन्ट मिलाउने तथा विपद्को समयमा प्रयोग गर्न सकिने गरी पानीको उचित प्रवन्ध मिलाउने कार्य योजना वनाउने | शहरी विकास मन्त्रालय | संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय निकायहरु, खानेपानी विभाग, काठमण्डौं उपत्यका विकास प्राधिकरण | १ वर्षभित्र |
| ४५ | भूकम्पीय दृष्टिले कमजोर अवस्थामा रहेका संरचनाहरुको जोखिम सम्वन्धी विस्तृत अध्ययन गर्ने | शहरी विकास मन्त्रालय | गृह मन्त्रालय, संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय निकायहरु, काठमण्डौं उपत्यका विकास प्राधिकरण | १ वर्षभित्र |
| ४६ | विपद् व्यवस्थापनका सन्दर्भमा प्रयोग गर्न सक्ने गरी काठमाण्डौंलाई लक्षित गरी वैकल्पिक विमानस्थलको खोजी | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, नागरिक उड्डयन प्राधिकरण | १ वर्षभित्र |

| क्रसं | गतिविधि | नेतृत्व गर्ने निकाय | समन्वय गर्ने निकाय तथा सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | तथा निर्माण गर्ने योजना वनाउने | | | |
| ४७ | नगरपालिकाहरुमा आपत्कालीन कार्यसंचालन केन्द्रहरुको स्थापना गर्नुका साथै विपद् प्रतिकार्यका लागि जिल्ला, नगरपालिका तथा गाविसस्तरमा समन्वयको विधि तयार गर्ने | संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय | गृह मन्त्रालय, स्थानीय सरकारी तथा गैर सरकारी निकायहरु | १ वर्षभित्र |
| ४८ | घनावस्ती भएका क्षेत्रहरुमा उद्धार प्रकृयामा सहयोग पुऱ्याउनका लागि एक टोल एक खुला क्षेत्रको अवधारणा अनुरुप खुलाक्षेत्र सम्वन्धी निर्देशिका जारी गर्ने | शहरी विकास मन्त्रालय | गृह मन्त्रालय, संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय निकायहरु, काठमण्डौं उपत्यका विकास प्राधिकरण | १ वर्षभित्र |
| ४९ | विपद् प्रतिकार्य पश्चात शीघ्र अवधिमा पुनर्स्थापना गर्नका लागि कार्य योजना वनाउने | शहरी विकास मन्त्रालय | गृह मन्त्रालय, शहर विकास तथा भवन निर्माण विभाग, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी निकायहरु | १ वर्षभित्र |